महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

# प्रेस विज्ञप्ती

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ कार्तिक १६ गते, बिहिबार ।

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) र नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मी बीच भेटघाट सम्पन्न भयो । भेटघाटका क्रममा आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण स्थिति, महालेखा परीक्षकको ६ वर्षे कार्ययोजना, प्रथम चरणको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु लगायतका समसामयिक विषयमा छलफल भयो । सो अवसरमा मुख्य सचिवज्यूले वित्तीय अनुशासन कायम गर्न र लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरुको कार्यान्वयनमा नेपाल सरकारको प्रतिवद्धता व्यक्त गर्नुभयो ।

त्यसैगरी महालेखा परीक्षकज्यू र अर्थ सचिव श्री शंकरप्रसाद अधिकारी सहितको टोली बीच समेत भेटघाट सम्पन्न भयो । सो भेटका क्रममा सार्वजनिक वित्तीय व्यवस्थापनका विविध पक्ष तथा बहुदाता कोषको सहयोगमा सञ्चालन हुने आयोजना व्यवस्थापन बारे छलफल भयो । सोही अवसरमा अर्थ सचिवज्यूले मुलुकमा वित्तीय जवाफदेहिता र पारदर्शीता कायम गर्न अर्थ मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्ने उल्लेख गर्नुभयो । महालेखा परीक्षकज्यूले आन्तरिक नियन्त्रण, आन्तरिक लेखापरीक्षण र अनुगमन कार्यलाई प्रभावकारी र नतिजामूलक बनाई लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनमा सम्वन्धित निकायले ध्यान दिनुपर्ने कुरामा जोड दिनुभएको छ ।

...............
उद्धवचन्द्र श्रेष्ठ
नायव महालेखापरीक्षक/प्रवक्ता


email : oagnep@ntc.net.np, info@oag.gov.np